

- एचआईडीसीएलको शेयर विक्रि प्रवन्धकमा सीआईटी नियुक्त
- एडीबीबाट सहुलियत कर्जा लिन स्वीकृती

○ २०७१ माघ | ○ वष २/अङ्क १०

# एच.आइ.डि.सि.एल. न्यूजलेटर

## HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED
## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको
**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्ध नेपालको निर्माणमा अघि बढ्दै*

# एचआईडीसीएलको शेयर विक्रि प्रवन्धकमा सीआईटी नियुक्त



*कम्पनीका प्रमुख कार्यकारी अधिकृत र कोषका कार्यकारी निर्देशक सम्झौतामा हस्ताक्षर गर्नुहुँदै*

जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले साधारण सेयर (आईपीओ) निष्कासनका लागि विकि प्रवन्धकमा नागरिक लगानी कोष (सीआईटी) लाई नियुक्त गरेको छ । एचआईडीसीएलले २ अर्ब रुपैयाँ बराबरको २ करोड कित्ता सेयर सर्वसाधारणलाई विकि गर्दै छ । सेयर निष्कास तथा विकि प्रवन्धको रुपमा काम गर्न एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियार र सीआईटीका कार्यकारी निर्देशक रामकृष्ण पोखरेलले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो। धितोपत्र बोर्डबाट सेयर निष्कासनको अनुमति दिने प्रकिया अन्तिम चरणमा पुगेको छ। २ अर्ब रुपैयाँको सेयर निष्कासनपछि कम्पनीको पूंजी १० अर्ब रुपैयाँ पुग्ने छ। हाल कम्पनीको पुंजी ८ अर्ब रुपैयाँ छ।

## सञ्चालक समितिको रणनीतिक बैठक

हालै सम्पन्न सरोकारवालाको परामर्श बैठकको बारे जानकारी लिन एचआईडीसीएलका रणनीतिक बैठक बस्यो । परामर्श बैठकमा ऊर्जा, अर्थलगायत विभिन्न मन्त्रालयका अधिकारीका अतिरिक्त ऊर्जा क्षेत्रमा संलग्न व्यक्तिको सहभागिता थियो । बैठक एचआईडीसीएलले आगामी दिनमा लिनुपर्ने कार्य र रणनीतिमा केन्द्रीत थियो । सञ्चालक समितिले वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणलाई जलविद्युत्मा लगानी गर्नका लागि रेमिट हाइड्रो लिमिटेड स्थापना गरेको छ । रेमिट एचआईडीसीएलको सहायक कम्पनीको रुपमा जलविद्युत्मा लगानी गर्दै छ । कम्पनी गठन प्रक्रिया अघि बढाउन सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई अधिकार दिएको छ ।

## एडीबीबाट सहुलियत कर्जा लिन स्वीकृती

सरकारले जलविद्युत तथा लगानी विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) लाई एसियाली विकास बैंक (एडीबी) बाट सहुलियत कर्जा लिन स्वीकृत प्रदान गरेको छ । एडीबीबाट प्राप्त ऋण जलविद्युत् आयोजनामा लगानी गर्ने एचआईडीसीएलको योजना छ । गत वर्ष अगस्टमा एचआईडीसीएलका अधिकारीले एडीबीको मुख्यालको भ्रमण गरी सहुलियत कर्जा लिने विषयमा छलफल अघि बढेको थियो । त्यसबेला नेपालको जलविद्युत्मा लगानी संभावनाको विषयमा व्यापक छलफल भएको थियो । बैठक जलविद्युतको संभावना र ऋण लगानी र वैदेशिक लगानीका लागि विनिमय जोखिमका बारे छलफल गरेको थियो । सहुलियत कर्जा लिने बारे एचआईडीसीएल र एडीबीबीच छलफल जारी छ ।

## दुई आयोजनाको जोखिम व्यवस्थापन मूल्याँकन गर्न समिति गठन

आफनो ऋण लगानी नीति अनुसार एचआईडीसीएलले दुई जलविद्युत आयोजनाको जोखिम मूल्याँकन गर्न एक समिति गठन गरेको छ । समितिले ४९.६ मेगावाट क्षमताको सुपरदोर्दी र ३० मेगावाटको न्यादीखोला जलविद्युत् आयोजनाको मूल्याँकन गर्ने छ । दुबै आयोजना लम्जुङ जिल्लामा पर्छ । सुपरदोर्दी आयोजना पिपल्स हाइड्रोपावर लिमिटेडले बनाउदै छ । यो आयोजना लम्जुङको ढोडेनी गाविसमा पर्छ । सहवित्तीयकरण अर्न्तगत एचआईडीसीएलले यो आयोजनामा ऋण लगानी गर्दै छ । नविल बैंकको नेतृत्वमा आयोजनालाई लगानी जुटाउने काम भइरहेको छ । यस्तै न्यादी खोला आयोजना बुटबल पावर कम्पनी लिमिटेडले न्यादी हाइड्रोपावर लिमिटेडेमार्फत बनाउन लागेको हो । यो आयोजनालाई एभरेष्ट बैंकको नेतृत्वमा विभिन्न बैंक तथा वित्तीय संस्थाको सहभागितामा लगानी जुटाउने काम भइरहेको छ ।

## दुई आयोजनामा लगानी

एचआईडीसीएलको सहवित्तीयकरणमा ४५ मेगावाट क्षमताका दुई जलविद्युत् आयोजनालाई लगानी जुटेको छ । जसअनुसार २० मेगावाटको बाग्मती साना जलविद्युत् आयोजना र २५ मेगावाटको कावेली बी आयोजनामा हालै ऋण लगानी सम्झौता भएको छ । एचआईडीसीएलले दुई आयोजनामा ४० करोड रुपैयाँ ऋण लगानी गर्दै छ । यस्तै बाग्मति आयोजना ललितपुर र मकवानपुर जिल्लामा पर्छ । प्राइम कर्मर्शियल बैंकको नेतृत्वमा यो आयोजनामा कर्जा लगानी हुदै छ । लगानी सम्झौता जनवरीमा सम्पन्न भएको हो । एचआईडीसीएलले विभिन्न बैंक तथा वित्तीय संस्थासंगको सहकार्यमा २० करोड रुपैयाँ लगानी गर्दै छ । यो आयोजनामा एचआईडीसीएल सहित १० बैंकले २ अर्ब ६० करोड रुपैयाँ ऋण लगानी सम्झौता गरेका छन् । यसैगरी नेपाल इन्भेष्टमेन्ट बैंकको नेतृत्वमा कावेली बी जलविद्युत् आयोजनामा २ अर्ब ८० करोड रुपैयाँ लगानी हुने छ । कावेली बी पाँचथर र ताप्लेजुङ जिल्लामा पर्छ । यो आयोजनामा एचआईडीसीएलले सहवित्तीयकरण अर्न्तगत २० करोड रुपैयाँ लगानी गर्ने छ । गत जनवरीमा ऋण लगानी सम्झौता हुने भएको थियो ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np